# भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प.सं.:- राजश्व २०८०/०८१ — मिति :-२०८१/०३/११
च.नं.:-

**माछापालन तथा बिक्रि वितरण कार्यका लागि ताल ठेक्काको दरखास्त आव्हानको १५ दिने सूचना**
**(दोश्रो पटक प्रकाशित मिति :- २०८१।०३।११)**

यस नगरपालिकाको मिति २०८१।०१।१८ गतेको कार्यपालिकाको निर्णय अनुसार भजनी नगरपालिका अन्तर्गत पर्ने तपसिल बमोजिमका तालहरुलाई सिलबन्दी ठेक्का बढाबढ मार्फत माछापालन तथा बिक्रीवितरण कार्यका लागि ठेक्कामा लगाउने निर्णय भएकाले देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बढाबढ प्रक्रियामा भाग लिन सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.स | ठेक्का नं. | तालको नाम | ठेगाना | ३ बर्षको न्युनतम जम्मा रकम | ठेक्का धरौटी रकम | सिलबन्दी फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व-०३/२०८०-०८१ | पहला ताल | भजनी- ७, कैलाली | ५५३६६८.७५ | २७६८३.४४ | १००० | |
| २ | राजस्व-०४/२०८०-०८१ | चंगान ताल | भजनी- ७, कैलाली | १८४५५६.२५ | ९२२७.८१ | १००० | |
| ३ | राजस्व-०६/२०८०-०८१ | दिदीबहिनी ताल | भजनी- ९, कैलाली | ५९७९६२.२५ | २९८९८.११ | १००० | |
| ४ | राजस्व-०७/२०८०-०८१ | भखारी ताल | भजनी- ९, कैलाली | ११२९४८४.२५ | ५६४७४.२१ | १००० | |
| ५ | राजस्व-०८/२०८०-०८१ | चुट्टिहवा ताल | भजनी- ९, कैलाली | १८६०३२.७ | ९३०१.६४ | १००० | |
| ६ | राजस्व-०९/२०८०-०८१ | ढोंग्रहावा ताल | भजनी- ९, कैलाली | १८६७७०९.२५ | ९३३८५.४६ | १००० | |
| ७ | राजस्व-१०/२०८०-०८१ | रुपिया ताल | भजनी- ९, कैलाली | १४१०००९.७५ | ७०५००.४९ | १००० | |
| ८ | राजस्व-११/२०८०-०८१ | नुक्ली ताल | भजनी- ९, कैलाली | १८६०३२७. | ९३०१६.३५ | १००० | |

शर्तहरु:

१. दरखास्त फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८१/०३/२५ गते) सम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद रु. १,०००/- (अक्षेरुपी एक हजार मात्र) दस्तुर (पछि फिर्ता नहुने) बुझाई १६ औं दिन (मिति २०८१/०३/२६ गते) दिन कार्यालयको १२:०० बजे भित्र भजनी नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्नुपर्ने छ । उक्त सिलबन्दीहरु सोही दिन दिउसो २:०० बजे कार्यालयका प्रतिनिधि र शिलबन्दी दरखास्त दाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरखास्तदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरखास्त खोल्न बाधा पर्ने छैन ।

२. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र संघ, संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित), मु.अ. कर, स्थायी लेखा नं.(पान नं.) र आ. व. २०७९/०८० सम्मको कर चुक्ता भएको प्रमाण पत्र लगायतका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न राख्नु पर्नेछ।

नीलमकुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भजनी, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

३. शिलबन्दी दरखास्त खाम बाहिर भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको लिन चाहेको ठेक्काको ठेक्का नं. र तालको नाम लेखि दरखास्तदाताको नाम र ठेगाना समेत उल्लेख गर्नुपर्ने छ।

४. दरखास्तदाताले अंक कबोल गर्दा अंक र अक्षर स्पष्ट उल्लख गर्नु पर्ने छ, अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५. ताल ठेक्का प्रक्रियामा भाग लिन चाहने दरखास्तदाताले नगरपालिकाले निर्धारण गरेको न्युनतम रकमको नेपाली नागरिक भए ५ (पांच) प्रतिशत र गैर नेपाली नागरिक भएमा १० (दश) प्रतिशत धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको धरौटी खाता नं. ४१५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ।

६. ठेक्का स्वीकृत भएको दरखास्तदाताले तोकिएको म्याद भित्र यस कार्यालयको राजस्व शाखामा देहाय बमोजिम दाखिला गरी पट्टा उठाउनु पर्नेछ।

क) तिन बर्षको कबोल रकम एक मुष्ठ दाखिला गरि वा

ख) कबोल अंकलाई ३ किस्तामा बिभाजन गर्दा हुन आएको एक बर्षको किस्ता रकम दाखिला गरि बाँकि २ बर्षको लागि बैंक ग्यारेन्टी पेश गरि, सो बमोजिम भएमा बार्षिक १०% का दरले किस्ता रकम बृदि हुनेछ।

७. तालको ठेक्का अवधि ठेक्का स्वीकृत भएको मिति देखी मिति २०८४ साल असार मसान्तसम्म ३ वर्षको हुनेछ। अन्तिम वर्ष मिति २०८३ पुष मसान्त भित्र नर्सरी र मिति २०८४ साल असार मसान्तभित्र ताल खाली गर्नु पर्नेछ।

८. प्रचलित नियमानुसार कालो सूचीमा नपरेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा गर्नुपर्नेछ। कालोसूचीमा परेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही हुने छैन।

९. म्याद नाघी आएको, रीत नपुगेको शर्त राखिएको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही गरिने छैन।

१०. पेश भएको सिलबन्दी दरखास्त पत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. यसमा उल्लेख नभएको विषयको हकमा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ।

१२. ठेकेदारले तालको प्राकृतिक आकृति तथा संरचना बिग्रने गरी खेति गर्न पाइने छैन, जैविक विविधतामा असर पर्ने र बन, जलचर ऐन तथा पर्यावरण सम्बन्धि ऐन नियमको विपरित हुने गरी कुनै कार्य गर्न पाइने छैन। तालको डीललाई मर्मत गर्नुको साथै वार्षिक रुपमा तालको वरपर वृक्षारोपण गर्नुपर्ने छ।

१३. सूचनामा उल्लेखित हुन नसकेका अन्य कुराहरुको हकमा प्रचालित नियम कानुन अनुसार हुनेछ। ठेक्का सम्झौता पछि नगरपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकमहरु मध्ये कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाइने छैन।

१४. ठेक्का कबोल गरेको रकम ठेक्का सम्झौता गर्ने ठेकेदारले प्रत्येक जेस्ठ मसान्त भित्र एकमुष्टरुपमा बुझाई मात्र आगामी बर्षको कार्य सञ्चालन गर्नुपर्ने छ।

१५. सुचनाको सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस कार्यालयको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ।

.............................

निलम कुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

नीलमकुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner